# बनेपा नगर कार्यपालिकाको कार्यालय

# शौचालय दस्तुर उठाउने सम्बन्धी

## सार्वजनिक बढाबढको सूचना

### (प्रथम पटक प्रकाशित मिति २०७५।३।२)

यस बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित पुरानो सपिङ कम्प्लेक्सको दायाँवायाँ रहेका दुईवटा र नयाँ सपिङ कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालयहरु आ.व. २०७५।०७६ को अबधिभरको आगि सञ्चालन गर्न ठेक्कामा दिन यो सूचना प्रकाशित गरिएको छ । शौचालय रहेको क्षेत्र वरपर समेत सरसफाई गर्ने गरी उल्लेखित शौचालय सञ्चालन गरी शुल्क असुल गर्न चहाने इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले वार्षिक रुपमा कतिसम्म रकम यस नगरपालिकालाई बुझाउने हो सो को अंक र अक्षरमा समेत स्पष्ट उल्लेख गरी निम्न शर्तहरुलाई ध्यानमा राखी उल्लेखित प्रथम पटक सूचना प्रकाशित भएका मितिले एकतीसौं दिन भित्र शिलबन्दी बोलपत्र प्रस्तुत हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम रु.१,०००। (एकहजार मात्र) तिरी यस कार्यालयको राजस्व शाखाबाट उल्लेखित प्रथम पटक सूचना प्रकाशित भएको मितिले तीसौं दिन कार्यालय समयमा प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएका बोलपत्र फारमहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले एकतीसौं दिन दिनको २:०० बजे सम्ममा दर्ता गर्न सकिने छ ।

३. दर्ता भएका बोलपत्र फारमहरु यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले एकतीसौं दिन दिनको २:१५ बजे नियमानुसार यस कार्यालयमा खोलिने छ ।

४. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्न र खोल्ने दिन विदा परेमा क्रमश: सोको भोलिपल्ट खरिद गर्ने, दाखिला गर्ने र खोल्न सकिने छ ।

५. शिलबन्दी बोलपत्र फारम खोल्ने समयमा बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी फारम खोल्न बाधा पर्ने छैन ।

६. आफुले वार्षिक बुझाउन कबोल गरेको अंकको पाँच प्रतिशत रकम नेपाल बैंक लि. बनेपा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०१५०३०००००००३००००७ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ । साथै स्वीकृत बोलपत्रदाताले कबोल अंक पुरै अग्रिम जम्मा गरेमा पाँच प्रतिशत र छ महिनाको अग्रिम जम्मा गरेमा अढाई प्रतिशत छुट दिइने छ ।

७. स्वीकृत बोलपत्रवालाले शर्त नं. ६ बमोजिम अग्रिम रकम जम्मा नगरेमा ठेक्का संझौता गर्दा ठेक रकमको कम्तिमा एक तिहाई बराबरको रकम प्रथम किस्ता बापत बुझाउनु पर्नेछ । एवम रितले दोस्रो किस्ता रकम पहिलो किस्ताको समय भुक्तान हुनुभन्दा एक महिना अगावै बुझाई सक्नु पर्नेछ ।

८. शर्त नं. ७ बमोजिम किस्ता समयमै बुझाउन नसकिने मनासिब कारण दर्शाई किस्ता रकम बुझाउने म्याद प्रारम्भ हुनु अगावै निवेदन दिइ उक्त कारण मनासिब देखिएमा नगरपालिकाले दैनिक रु. पाँचसयका दरले विलम्ब शुल्क लाग्ने गरी बढिमा पन्ध्र दिनका लागि म्याद थप गरिदिन सक्नेछ ।

९. स्वीकृत बोलपत्र दाताले बार्षिक कबोल अंक अग्रिम बुझाएको अवस्थामा बाहेक आफुले कबोल गरेको कुल रकमको पचहत्तर प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंक बाट मिति २०७६ साल साउन पन्ध्र गते सम्मका लागि जारी भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । यदी संझौता बमोजिम समयमा किस्ता रकम नबुझाएमा यसरी राखिएको बैंक ग्यारेण्टी रोक्का राखी लिनु उठाउनु पर्ने रकम असुल उपर गरिने छ ।

१०. स्वीकृत बोलपत्र दाताले जनही दिसा पिसाब गरेबापत रु. ५। का दरले मात्र शौचालय शुल्क असुल गर्न पाइने छ ।

११. स्वीकृत बोलपत्र दाताले शौचालय संचालनका क्रममा आइपर्ने शौचालय जाम हुने लगायतका कार्य स्वयमले गर्नुपर्ने छ ।

१२. अस्विकृत बोलपत्रवालाको धरौटी नियमानुसार फिर्ता गरिने छ ।

१३. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बनेपा नगरपालिकामा सुरक्षित रहने छ ।

१४. बनेपा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम बक्यौता हुने व्यक्तिको बोलपत्र स्वीकृत हुने छैन ।

१५. बोलपत्रदाताले न्युनतम रु. १७,००,०००। ( सत्रलाख) भन्दा घटी अंक कबोल गर्न पाइने छैन ।

१६. थप जानकारीका लागि बोलपत्र फारम अध्ययन गरी वा कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिने छ ।